# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, बागमती प्रदेश, नेपाल


प.सं.:- ०७८।७९ मिति:- २०७८/०७/२६

च.नं.:- ९६८

**विषय:- कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण सम्बन्धमा ।**

**श्री वडा कार्यालय (सबै),**
**दक्षिणकाली नगरपालिका ।**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वातावरण तथा विपद् व्यवस्थापन शाखाको च.नं. १५९ मिति २०७८/०७/२५ को पत्रसाथ प्राप्त अर्थ मन्त्रालय, वित्तीय संघीयता समन्वय महाशाखाको च.नं. ३३ मिति २०७८/०७/२५ को पत्रबाट कोभिड-१९ को प्रभावबाट रोजगारी र आय आर्जनको अवसर गुमाएका अनौपचारिक तथा असङ्गठित क्षेत्रमा रहेका अतिविपन्न गरिब पाँच लाख परिवारलाई चालु आर्थिक वर्षमा राहत स्वरुप नगद अनुदान प्रदान गर्ने नेपाल सरकारको कार्यक्रम कार्यान्वयनको सम्बन्धमा स्वीकृत **"कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि, २०७८"** र मिति २०७८/०७/२५ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना तथा अनुसूचि २ बमोजिमको निवेदनको नमूना आवश्यक कारवाहीको लागि यसै पत्रसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ । कार्यविधिको सफ्टकपी यस नगरपालिकाको वेव ठेगाना तथा अर्थ मन्त्रालयको वेव ठेगाना https://www.mof.gov.np/site/publication-detail/३११४ मा रहेको छ ।

२०७८/७/२६

(तुलसी बहादुर श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

अवगतार्थ :-

श्रीमान् नगर प्रमुखज्यू, दक्षिणकाली नगरपालिका, फर्पिङ ।

श्रीमान् नगर उपप्रमुखज्यू, दक्षिणकाली नगरपालिका, फर्पिङ ।

बोधार्थ:-

श्री सूचना प्रविधि शाखा,

दक्षिणकाली नगरपालिका:- सूचना, निवेदनको नमूना तथा कार्यविधिको link यस नगरपालिकाको वेव ठेगानामा समेत राखिदिनु हुन ।

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरवार, काठमाडौं

## कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण सम्बन्धी सूचना

(प्रकाशितः २०७८/७/२५)

कोभिड-१९ को प्रभावबाट रोजगारी र आय आर्जनको अवसर गुमाएका अनौपचारिक तथा असङ्गठित क्षेत्रमा रहेका अतिविपन्न गरिब ५ लाख परिवारलाई चालु आर्थिक वर्ष २०७८/७९ मा राहत स्वरूप एक पटकका लागि प्रति परिवार रू.१० हजारका दरले नगद अनुदान प्रदान गर्ने नेपाल सरकारको कार्यक्रम रहेको छ । त्यस्तो अनुदान प्राप्त गर्न तल खण्ड (क)मा उल्लेखित मापदण्ड भित्र पर्ने र खण्ड (ख) बमोजिम अयोग्य नभएको देहाय बमोजिमका परिवारको कुनै एक मात्र सदस्यले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफू स्थायी वा अस्थायी (न्यूनतम विगत ६ महिनादेखि) रूपमा बस्दै आएको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा **"कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि, २०७८"** को अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

<u>(क) नगद राहत प्राप्त गर्न योग्य लाभग्राही:</u>

(१) विगतमा गर्दै आएको रोजगारी पूर्णरूपमा गुमाएको र रोजगारीको अर्को अवसर समेत प्राप्त गर्न नसकी बेरोजगार भएको असङ्गठित क्षेत्रको मजदुर वा कामदार,
(२) खुला सडक, फुटपाथ वा चौरमा खर्पन, नाङ्लो, डोको आदिमा सामान बेच्ने अति विपन्न व्यवसायी,
(३) दैनिक ज्याला-मजदुरी गर्ने भरिया, कृषि मजदुर, गोठाला, खेताला, ज्यालादारी श्रमिक, रिक्साचालक, ठेलागाडा मजदुर, सार्वजनिक यातायातका मजदुर, पर्यटक भरिया,
(४) कोभिड-१९ सङ्क्रमणको कारणबाट एकाघरपरिवारको आयआर्जन गर्ने मुख्य सदस्यको मृत्यु भई आर्थिक सङ्कट झेल्नु परेको परिवार तथा अभिभावक गुमाएका असहाय नाबालकलाई स्याहार गर्ने परिवार।

<u>(ख) नगद राहत प्राप्त गर्न अयोग्य परिवार:</u>

(१) निवेदन दिंदाको समयमा निवेदकको एकाघरपरिवारका कुनै सदस्यले सरकारी, निजी वा अन्य कुनै सङ्घसंस्था वा वैदेशिक रोजगारीमा स्थायी, अस्थायी वा करारमा रोजगारीको अवसर प्राप्त गरी आयआर्जन गरिरहेको,
(२) परिवारको कुनै सदस्यले नेपाल सरकारबाट उपलब्ध हुने अन्य सामाजिक सुरक्षा (जेष्ठ नागरिक, एकल महिला, दलित वा अपाङ्ग) बापतको भत्ता वा नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थाबाट निवृत्तभरण वा विदेशी सरकारबाट पेन्सन सुविधा प्राप्त गरिरहेको,
(३) सञ्चित आय वा पैत्रिक सम्पत्तिबाट तत्कालको खर्च आवश्यकता पूरा गर्न सक्ने अवस्थामा रहेको,
(४) प्रधानमन्त्री रोजगार कार्यक्रम वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यक्रम बमोजिम यस प्रयोजनका लागि एक पटक राहतको रूपमा नगद प्राप्त गरेको परिवार।

यससँग सम्बन्धित अन्य जानकारी नेपाल सरकार अर्थ मन्त्रालयको वेबसाइट www.mof.gov.np र सम्बन्धित स्थानीय तहको वेबसाइटमा समेत उपलब्ध रहेको व्यहोरा जानकारी गराइन्छ।

सह-सचिव